म.प.बै.सं. १/०८३

## संवत् २०८३ साल वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री राजेन्द्र कुमार भण्डारीको अध्यक्षतामा श्री पुरुषोत्तम पराजुली (पूर्व मुख्य न्यायाधीश, पुनरावेदन अदालत), श्री चण्डीराज ढकाल (पूर्व न्यायाधीश, उच्च अदालत), श्री गणेश के.सी. (पूर्व प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी) र श्री प्रकाश लम्साल, (चार्टर्ड एकाउण्टेण्ट) सदस्य रहने गरी सम्पत्ति छानबिन आयोग, २०८३ को गठन तथा कार्यसम्पादनको शर्त स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारको तर्फबाट प्राप्त हुने स्वीस फ्रान्क (CHF) एक मिलियन बराबरको अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः अन्तःशुल्क अधिकृत र निजको अधिकार क्षेत्र तोक्ने।

४. अर्थ मन्त्रालयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच सम्पन्न फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौतालाई प्रतिनिधि सभामा जानकारीको लागि पेश गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारुलाई सो अदालतको कामकाजसमेत गर्ने गरी सैनिक विशेष अदालतको अध्यक्ष तोक्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङलाई सो अदालतको कामकाजसमेत गर्ने गरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने।

८. गृह मन्त्रालयः गाजामा भएको घटनामा परी मृत्यु भएका विपिन जोशीको परिवारलाई दश लाख रूपियाँ आर्थिक सहायता उपलब्ध गराउने।

९. गृह मन्त्रालयः संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्नका लागि उल्लिखित आयोगले सिफारिस गरेका व्यक्तिहरू र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न उच्च अदालतका पूर्वन्यायाधीश श्री प्रेमराज कार्कीको संयोजकत्वमा नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री टेकप्रसाद राई र सशस्त्र प्रहरी बल, नेपालका पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुबोधकुमार अधिकारी सदस्य रहने गरी अध्ययन समिति गठन गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूमि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः निर्माणाधीन ४६५ वटा पुलहरूको अनिवार्य दायित्व भुक्तानी गर्न आवश्यक रकम रकमान्तर तथा थप बजेट व्यवस्थापन गर्ने आदेश जारी गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन आदेश), २०८२ स्वीकृत गर्ने।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः आरोग्य पर्यटन रणनीति तथा कार्ययोजना स्वीकृत गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ स्वीकृत गर्ने।

१६. शहरी विकास मन्त्रालयः दोस्रो बागमती कार्य योजना (२०८२-२१०२) स्वीकृत गर्ने।

१७. शहरी विकास मन्त्रालयः शहरी विकास मन्त्रालय मातहत निकायबाट दायित्व सिर्जना भइसकेका कार्यक्रमको भुक्तानी गर्न आवश्यक आदेश जारी गर्ने।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामआधार साहले उमेर हदको कारणबाट मिति २०८३।०१।१० देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

१९. मन्त्रिपरिषद्का राजनैतिक, प्रशासन, सामाजिक, आर्थिक तथा पूर्वाधार र विधेयक समितिहरू गठन गर्ने।

**म.प.बै.सं. २/०८३**

**संवत् २०८३ साल वैशाख ८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालयः नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिका अध्यक्ष नियुक्तिको लागि नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.गुणाकर भट्टको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने।

२. गृह मन्त्रालयः काठमाडौंस्थित जापानी राजदूतावासका पूर्व कर्मचारी श्री मधुसुदन राजभण्डारीलाई जापान सरकारद्वारा प्रदान गरिने The Order of Japan (The Order of the Sacred Treasure, Gold and Silver Rays) उपाधि ग्रहण गर्न स्वीकृति दिने।

३. गृह मन्त्रालयः नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने।

४. गृह मन्त्रालयः प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने।

५. गृह मन्त्रालयः मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने।

६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका अध्यक्ष पदमा श्री डिल्लीराज आचार्य, प्युठान र सदस्य पदमा श्री नवराज सिम्खडा, धादिङ एवं श्री रोशन बहादुर शाक्य, ललितपुरलाई नियुक्ति तथा मनोनयन गर्ने।

७. रक्षा मन्त्रालयः राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८२ स्वीकृत गर्ने।

८. वन तथा वातावरण मन्त्रालयः माथिल्लो मिदिम जलविद्युत आयोजनाको ३३ के.भि. प्रसारणलाइन निर्माणका लागि लमजुङ जिल्लाको ६.६१३ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

९. वन तथा वातावरण मन्त्रालयः बकान खोला जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको १८.३५ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
१०. वन तथा वातावरण मन्त्रालयः माथिल्लो खुदी जलविद्युत आयोजना निर्माणको लागि लमजुङ जिल्लाको ८.१५५ हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
११. वन तथा वातावरण मन्त्रालयः नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबिच हस्ताक्षर हुने Framework Agreement for Cooperation on Climate Change Between the Government of the Republic of Korea and the Government of Nepal विषयक सम्झौता स्वीकृत गर्ने।
१२. संवत् २०८३ साल वैशाख १७ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद भवन, सिंहदरबारमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ३/०८३**

**संवत् २०८३ साल वैशाख १० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीका सूचना प्रविधि सल्लाहकार श्री विवेक मिश्रको संयोजकत्वमा पाँच सदस्यीय सूचना प्रविधि अध्ययन कार्यदल गठन गरी सोको कार्यशर्त स्वीकृत गर्ने।
२. अर्थ मन्त्रालयः एसियाली विकास बैंकबाट Integrated Water Supply and Sewerage Management (Sector) Project कार्यक्रमका लागि प्राप्त हुने अमेरिकी डलर ११५ मिलियन सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गर्ने।
३. परराष्ट्र मन्त्रालयः २०८३ वैशाख २१ र २२ गते रोमानियाको बुखारेष्टमा आयोजना हुने नेपाल-रोमानियाबिचको द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा सहभागी हुने परराष्ट्र मन्त्रालयको सचिवको नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।
४. परराष्ट्र मन्त्रालयः नेपाली महावाणिज्यदूतावास, हङकङमा कार्यरत महावाणिज्यदूत डा. विन्देश्वरप्रसाद लेखकलाई फिर्ता बोलाउने।
५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।
६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहका सहायक रथी डा.भरत बहादुर भण्डारीलाई सोही सेवा समूहको उपरथी दर्जामा बढुवा गर्ने।
७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी माधव थापालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।
८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी शक्तिजंग वस्नेतलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।
९. रक्षा मन्त्रालयः २०८३ वैशाख २८ देखि जेठ १ गतेसम्म मित्रराष्ट्र अमेरिकामा सञ्चालन हुने सेमिनारमा पाइलट उपरथी श्री राम सुन्दर बोहरालाई सहभागी हुन स्वीकृति दिने।
१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका पच्चिसजना सहसचिवहरूको सरुवा गर्ने/कामकाज गर्न खटाउने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

११. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०५।२१ को निर्णयबमोजिम महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको पुरै जग्गा (११४-३-०-० रोपनी) राष्ट्रपतिको कार्यालयको नाममा हस्तान्तरण गर्ने गरी भएको निर्णयको सट्टामा सो जग्गा पूर्ववत रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानकै नाममा कायम गर्ने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझका लागि श्री मोहनरमण भट्टराईको अध्यक्षतामा गठित आयोगले मिति २०७६।०८।२७ मा पेश गरेको प्रतिवेदन कार्यान्वयनको हालसम्मको प्रगति विवरण सात दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। उक्त प्रतिवेदन कार्यान्वयनको बाँकी कार्यको कार्ययोजना बनाई कार्यान्वयन गर्ने र कार्यान्वयनको प्रगति विवरण नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

१३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०१।०८ को निर्णयानुसार संवत् २०८३ साल वैशाख १७ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद भवन, सिंहदरबारमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस भई सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान भएकोमा विशेष कारणवश संघीय संसदको दुवै सदनको उक्त अधिवेशन आह्वान स्थगित गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ४/०८३**

**संवत् २०८३ साल वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सुरक्षण मुद्रण केन्द्रलाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोबार गर्ने सार्वजनिक निकायको सूचीमा समावेश गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय सदाचार नीति, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्पत्ति छानबिन आयोग, २०८३ को कार्यसम्पादनको सर्तको संसोधन स्वीकृत गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

७. अर्थ मन्त्रालयः भन्सार नियमावली, २०८३ स्वीकृत गर्ने।

८. अर्थ मन्त्रालयः सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१०. खानेपानी मन्त्रालयः काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको स्वामित्वमा रहेको ललितपुर महानगरपालिका वडा नं. ९ बालकुमारीस्थित निर्माणधीन फोहोरमैला प्रशोधन केन्द्रको परिसरमा रहेको ५-६-२-० रोपनी जग्गामध्ये ३-१३-२-० रोपनी जग्गा नेपाल विद्युत प्राधिकरणलाई GIS Substation निर्माणको लागि उपयोग गर्न स्वीकृति प्रदान गर्ने।

११. गृह मन्त्रालयः दुईजना नेपाली नागरिकको नागरिकता प्रमाणपत्रमा नाम तथा लिङ्ग परिवर्तन गर्ने।

१२. गृह मन्त्रालयः सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नारायणदत्त पौडेललाई सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका तेह्रजना सहायक रथीहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी मनि कुमार श्रेष्ठको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका उपरथी भुवन खत्रीको सरुवा गर्ने।

१७. वन तथा वातावरण मन्त्रालयः लाप्चे-तामाकोसी अर्धजलाशययुक्त जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको राष्ट्रिय वनको ९.१२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१८. वन तथा वातावरण मन्त्रालयः खिम्ती घ्वाङ खोला साना जलविद्युत आयोजना निर्माणका लागि दोलखा जिल्लाको राष्ट्रिय वन क्षेत्रको ४.२५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१९. वन तथा वातावरण मन्त्रालयः पेगु खोला साना जलविद्युत आयोजना निर्माणका लागि दोलखा जिल्लाको राष्ट्रिय वन क्षेत्रको १.६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय विज्ञापन नीति, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०१।०२ को बैठकबाट गठन भएको मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**म.प.बै.सं. ५/०८३**

## संवत् २०८३ साल वैशाख २१ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः परम्परागत बोइलरलाई इलेक्ट्रोनिक बोइलरले प्रतिस्थापन गर्न उद्योगहरूलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लागि विश्व बैंकबाट प्राप्त हुने बाउन्न मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण तथा पाँच मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

२. अर्थ मन्त्रालयः नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः निजी क्षेत्रको संरक्षण र प्रवर्धन रणनीति तर्जुमा गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः प्रत्यायन नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः भारतबाट G to G माध्यमबाट ६० हजार मे. टन यूरिया र २० हजार मे. टन डिएपी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू, २०८३ स्वीकृत गर्ने।

७. रक्षा मन्त्रालयः सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. वन तथा वातावरण मन्त्रालयः माथिल्लो साँगु खोला साना जलविद्युत आयोजना निर्माणका लागि दोलखा जिल्लाको ४.८२ हेक्टर जग्गा राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

९. वन तथा वातावरण मन्त्रालयः रानी जमरा कुलरीया सिँचाइ आयोजना, कैलालीबाट प्रस्तावित पथरिया-कान्द्रा विस्तार नहर निर्माणको लागि कैलाली जिल्लाको राष्ट्रिय वन क्षेत्रको ३५.९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१०. वन तथा वातावरण मन्त्रालयः राउजे खोला जलविद्युत आयोजना निर्माणका लागि सोलुखुम्बु जिल्लाको राष्ट्रिय वन क्षेत्रको ४.३७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

११. वन तथा वातावरण मन्त्रालयः तादी घ्यांगफेदी जलविद्युत आयोजना निर्माणका लागि नुवाकोट जिल्लाको राष्ट्रिय वन क्षेत्रको १.८९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१२. वन तथा वातावरण मन्त्रालयः माथिल्लो सार्दीखोला जलविद्युत आयोजना निर्माणका लागि कास्की जिल्लाको राष्ट्रिय वन क्षेत्रको ४.१३३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१३. वन तथा वातावरण मन्त्रालयः दोभान खोला जलविद्युत आयोजना निर्माणको लागि गोरखा जिल्लाको राष्ट्रिय वन क्षेत्रको ४.६८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपालस्थित एकजना कुटनीतिज्ञलाई सन् २०२६ को Spring season मा सगरमाथा आरोहण गर्दा लाग्ने सलामी दस्तुर अमेरिकी डलर १५०००/- एक पटकको लागि छुट दिने।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः सशस्त्र प्रहरी बलका कूल १२० जना कर्मचारीहरूलाई (वसन्त र शरद ऋतुमा ६०/६० जना गरी) एक वर्षभित्र मनाङ जिल्लास्थित चुलु सुदूर पूर्व चुली आरोहण गर्न लाग्ने सलामी दस्तुर वापत रु.१८,००,०००।- छुट दिने।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल (साविक रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल) को नाममा ललितपुर महानगरपालिका वडा नं. १५ खुमलटारमा रहेको कित्ता नं. ६६६ को ०-२-१-० जग्गा नेपाल दूरसञ्चार प्राधिकरणलाई उपलब्ध गराउन स्वीकृति दिने।

१७. शहरी विकास मन्त्रालयः संघीय संसद् भवन परिसरमा प्रवेशका लागि तीन वटा प्रवेशद्वारहरूको व्यवस्थापनलगायतका विषय समावेश गरिएको सिंहदरबार परिसरको संशोधित गुरुयोजना स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१८. शहरी विकास मन्त्रालयः ग्रामीण सडक सञ्जाल सुधार आयोजना, अतिरिक्त लगानीअन्तर्गत सडकका लागि सडक सीमाभित्रका निजी जग्गाभित्र पर्ने संरचनाहरूको क्षतिपूर्ति दिई जग्गा प्राप्त गर्न स्वीकृति दिने।

१९. शहरी विकास मन्त्रालयः नगर विकास समिति गठन गर्ने नेपाल सरकारको अधिकार शहरी विकास मन्त्रीलाई प्रत्यायोजन गर्ने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका एघारजना सहसचिवहरूको सरुवा गर्ने/कामकाज गर्न खटाउने।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा धरान उपमहानगरपालिका वडा नं.१ स्थित छाता चोकमा रहेको १-४-१३-१ विघा जग्गा आधारभूत अस्पताल निर्माण गर्न धरान उपमहानगरपालिकालाई उपयोग गर्न स्वीकृति प्रदान गर्ने।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वीट्जरल्याण्डको जेनेभामा २०८३ जेठ ४ देखि १२ गतेसम्म सञ्चालन हुने विश्व स्वास्थ्य सङ्गठनको World Health Assembly र Executive Board मा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय निशा मेहतालाई स्वीकृति दिने।

२३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०१।१४ को निर्णयानुसार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गर्नका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस भएकोमा पुनर्विचारको लागि सो अध्यादेश फिर्ता प्राप्त भएकोमा प्रस्तुत अध्यादेशमा उल्लिखित विषयवस्तुको गम्भीरता समेतका आधारमा पुनर्विचार गर्दा समेत यथावत रूपमा नै जारी हुनुपर्ने देखिएकोले प्रस्तुत अध्यादेश यथावत रूपमा जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ६/०८३**

## संवत् २०८३ साल वैशाख २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको अवैतनिक स्वास्थ्य सल्लाहकारमा प्रा. डा. जगदिश प्रसाद अग्रवाल, काठमाडौंलाई नियुक्ति गर्ने।

२. अर्थ मन्त्रालयः मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख प्रजातिका माछाको संरक्षण र माछा मार्ने समुदायहरूको दिगो जीविकोपार्जन परियोजनाको लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने बाह्र लाख बहत्तर हजार छ सय तीस अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

३. खानेपानी मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री बाल मुकुन्द श्रेष्ठको राजीनामा स्वीकृत गर्ने।

४. गृह मन्त्रालयः प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा सशस्त्र प्रहरी बल, नेपालतर्फ केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूको निर्वाचन सेलमा रहेका कर्मचारीलाई दोहोरो नपर्ने गरी निर्वाचन भत्ता उपलब्ध गराउने।

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल मेडिकल काउन्सिल (छैठौं संशोधन) नियमावली २०८३ स्वीकृत गर्ने।

६. संवत् २०८३ साल वैशाख २८ गते सोमबारका दिन १४:०० बजे संघीय संसद भवन, सिंहदरबारमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**म.प.बै.सं. ७/०८३**

## संवत् २०८३ साल वैशाख २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथौ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको प्रतिवेदन लिई अभियोजनलगायतका कार्य गर्न विशेष सरकारी वकील कार्यालय, काठमाडौँलाई तोक्ने।

४. परराष्ट्र मन्त्रालयः विदेशस्थित एघार नेपाली अनररी कन्सल जनरल तथा कन्सललाई पदमुक्त गर्ने।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल रेल्वे कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालक पदमा श्री परिवेश पराजुली, मोरङलाई नियुक्त गर्ने।

६. रक्षा मन्त्रालयः भारतमा सञ्चालन हुने तालिम अभ्यास (FTX-2026) को निरीक्षणको लागि २०८३ जेठ १५ देखि १७ गतेसम्म हुने High Level Delegation visit मा रथी श्री प्रदीप जंग के.सी.लाई सहभागी हुन स्वीकृति दिने।

७. रक्षा मन्त्रालयः २०८३ जेठ ४ देखि ८ गतेसम्म अमेरिकाको वासिङ्गटन डि.सी. मा आयोजना हुने सेमिनारमा उपरथी श्री नकुल बहादुर रायमाझीलाई सहभागी हुन स्वीकृति दिने।

८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी, २०14 को प्रोटोकल नं. २९ लाई अनुमोदनका लागि संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः अन्तर्राष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षण सम्बन्धी महासन्धि, १९४७ नं. ८१ लाई अनुमोदनका लागि संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

१०. सहरी विकास मन्त्रालयः अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा डा. आनन्द सिंह भाट, वैतडीलाई नियुक्त गर्ने।

११. सम्माननीय राष्ट्रपतिज्यू समक्ष संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८३ साल वैशाख २८ गते सोमबारका दिन १६:०० बजे सम्बोधन हुन र त्यसका लागि संघीय संसदका माननीय सदस्यहरूको उपस्थिति आह्वान गर्न अनुरोध गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**म.प.बै.सं. ८/०८३**

## संवत् २०८३ साल वैशाख २८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदमा नियुक्ति गर्न सिफारिस गर्ने प्रयोजनको लागि गठित समिति पुनर्गठन गर्ने।

२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा अर्को व्यवस्था नभएसम्मको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री मदन भुजेललाई काम गर्न तोक्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-३ र ४ मा हेरफेर तथा थपघट गर्ने।

४. सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८३ साल वैशाख २८ गते सोमबारका दिन हुने सम्बोधन स्वीकृत गर्ने।

५. पूर्व गृहमन्त्री एवं प्रतिनिधिसभा सदस्य माननीय सुधन गुरुङको सम्बन्धमा उठेका विषयहरूमा अध्ययन तथा छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश श्री अच्युत प्रसाद भण्डारीको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्ने।

**म.प.बै.सं. ९/०८३**

## संवत् २०८३ साल वैशाख ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संरचनाहरूको खारेजी, एकीकरण तथा पुनर्संरचना सम्बन्धी प्रतिवेदन (भाग-१) कार्यान्वयन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने।

४. अर्थ मन्त्रालयः सरकारी लगानी व्यवस्थापन समितिका सदस्यमा प्रतिनिधि सभाका सदस्य माननीय सुशील खड्का, बागलुङ र माननीय योगेश गौचन थकाली, मुस्ताङलाई मनोनयन गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः प्रसौनी विरगञ्ज १३२ के.भी. भूमिगत विद्युत प्रसारणलाइन आयोजनाका लागि बारा जिल्लाको परवानीपुर गाउँपालिकामा करिब १४ धुर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण, उदयपुर वितरण केन्द्रको कार्यालय निर्माण गर्न उदयपुर जिल्ला, त्रियुगा नगरपालिकामा करिब ७ कठ्ठा र अनारमनी वितरण केन्द्रको प्रशाखा कार्यालय निर्माण गर्न झापा जिल्ला, कन्काई नगरपालिकामा करिब ५ कठ्ठा निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण, बझाङ वितरण केन्द्रको भवन निर्माण गर्न बझाङ जिल्ला, जयपृथ्वी नगरपालिकामा करिब १३०० वर्गमिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः पूर्वाधार न्यायाधिकरणको गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को अनुसूची संशोधन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवा, सैनिक हवाई सेवा तथा सैनिक प्राविधिक सेवाका आठ जना महासेनानीहरूको सरुवा गर्ने।

१२. वन तथा वातावरण मन्त्रालयः माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनालाई बढीमा ७ वर्षसम्म अस्थायी रूपमा प्रयोग गर्न स्वीकृति प्रदान गरीएको रसुवा जिल्लाको कालिका गाउँपालिका-१ मा रहेको राष्ट्रिय वनको २.८० हेक्टर जग्गा पूर्वसम्झौताका सर्तबमोजिम हुने गरी २०८५ असोज २२ गतेसम्म प्रयोग गर्न दिने गरी म्याद थप गर्न स्वीकृति दिने।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः जनवादी गणतन्त्र चीनको हाङ्झाउ सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न ललितपुर महानगरपालिकालाई पूर्वस्वीकृति प्रदान गर्ने।

१४. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ अनुरूप हुने गरी सङ्घीय मन्त्रालयका सचिवहरूको दरबन्दी र सङ्ख्या मिलान गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू